बैठकसंख्या १३

आज मिति २०७४ साल पौष २ गते आइतबार अर्जुनधारा नगरपालिका का श्रीमान नगरप्रमुख हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिका को बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार निर्णयहरु गरियो।

उपस्थिती

① नगरप्रमुख श्री हरिकुमार राना, अध्यक्ष
② नगर उपप्रमुख श्री कमला खतिवडा आचार्य, सदस्य
③ वडाध्यक्ष, श्री गजाधर खतिवडा, सदस्य
④ वडाध्यक्ष, श्री रघुनाथ खनाल, सदस्य
⑤ वडाध्यक्ष, श्री जीवकुमार भण्डारी, सदस्य
⑥ वडाध्यक्ष, श्री दुर्गाप्रसाद दाहाल, सदस्य
⑦ वडाध्यक्ष, श्री ध्यानबहादुर भारती, सदस्य
⑧ वडाध्यक्ष, श्री लोकनाथ गौतम, सदस्य
⑨ वडाध्यक्ष, श्री नवराम दुङ्गाना, सदस्य
⑩ वडाध्यक्ष, श्री योगीचन्द्र गौतम, सदस्य
⑪ वडाध्यक्ष, श्री पुष्पकुमार प्रसाई, सदस्य
⑫ वडाध्यक्ष, श्री बलदेवसिंह गोम्देन तामाङ, सदस्य
⑬ वडाध्यक्ष, श्री भैरवबहादुर खड्का, सदस्य
⑭ ने.स.स. श्री शारदाकुमारी भट्टराई, सदस्य
⑮ ने.स.स. श्री दिलमाया शिवा, सदस्य
⑯ ने.स.स. श्री हरिमाया भण्डारी, सदस्य
⑰ ने.स.स. श्री शकुन्तला बराल, सदस्य
⑱ ने.स.स. श्री लक्ष्मी तामाङ, सदस्य
⑲ ने.स.स. श्री रमेशकुमार पञ्जी, सदस्य
⑳ ने.स.स. श्री रिवनमान पञ्जी, सदस्य
㉑ ने.स.स. श्री दिलिप गुरुङ, सदस्य
㉒ प्रमुख प्रशासकीय अधिकृत, श्री राधाकृष्ण खतिवडा, सदस्य सचिव
㉓ नायब सुब्बा, श्री तिलेन्द्र अधिकारी, आमन्त्रित
㉔ खरिदार, श्री सौजन कुँवाल, आमन्त्रित

निर्णयनं. १:

यस नगरपालिकाबाट सञ्चालन हुने योजना, कार्यक्रम तथा सेवाप्रवाह लाई पारदर्शी, प्रभावकारी तथा सहभागितामूलक बनाउन यस नगरपालिकाका सबै वडामा सम्बन्धित वडाका जनप्रतिनिधिको संयोजकत्वमा देहाय बमोजिम का समितिहरु गठन गर्ने निर्णय गरियो:-

क्रमशः

क्रमशः

(क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति
(ख) पूर्वाधार विकास समिति
(ग) विपद् व्यवस्थापन समिति
(घ) सामाजिक विकास समिति

निर्णय नं.२

यस नगरपालिकाबाट सञ्चालन हुने नगरस्तरीय तथा वडास्तरीय योजनाहरु सञ्चालन गर्न वडा उपभोक्ता समिति गठन गर्दा वडाध्यक्ष सहित बहुमत वडा समिति सदस्यहरुको रोहवरमा आम उपभोक्ता भेला गरी गठन गर्ने निर्णय ~~सर्वसम्मतिबाट~~ गरियो/साथै, तत्पश्चात मात्र वडाध्यक्षले योजना सम्झौताका लागि सिफारिश गर्ने निर्णय गरियो।

निर्णय नं.३.

यस नगरपालिकाबाट सञ्चालन हुने ~~रु.५ लाख भन्दा माथिको~~ योजनाहरु को अनुगमन गर्न दैनाय बमोजिम एक नगरस्तरीय योजना अनुगमन समिति गठन गर्ने र उक्त समितिको सिफारिश पश्चात मात्र योजनाको फरफारक तथा भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

तपशिल :

संयोजक - नगरप्रमुख
सदस्य - नगर उप प्रमुख
सदस्य - प्रमुख प्रशासकीय अधिकृत
सदस्य - पूर्वाधार विकास समिति संयोजक
सदस्य - योजना सञ्चालन भएको वडाका वडाध्यक्ष
सदस्य सचिव - योजना शाखा प्रमुख.

साथै, रु ५ लाख भन्दा कम लागतका योजनाको अनुगमन गर्न सम्बन्धित वडा अध्यक्षले अनुगमन समिति गठन गरी, योजना फरफारक तथा भुक्तानीका लागि पठाउँदा सो अनुगमन समितिको सिफारिश समेत अनिवार्य संलग्न गरी पठाउने व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं ४.

यस नगरपालिकामा दैवी प्रकोपबाट धनजनको क्षति भएका परिवार लाई नगरपालिकाको तर्फबाट दैनाय बमोजिम राहत उपलब्ध गराउने निर्णय गरियो :-

(क) हातीपिडितलाई क्षतिको अवस्था हेरी रु ५० हजार सम्म।
(ख) अन्य प्रकोपबाट क्षति भस्कालाई क्षतिको अवस्था हेरी रु. २० हजार सम्म।
(ग) प्रकोपबाट मानवीय क्षति भएमा पिडीत परिवारलाई रु. ५० हजार मात्र।

निर्णय नं. ५.

यस नगरपालिकाको ~~सुकुम्बासी क्षेत्रको~~ पोहोर मेला व्यवस्थापनका लागि आवश्यक अध्ययन, अनुगमन गरी व्यवस्थापन गर्न देहाय बमोजिम को एक समिति गठन गर्ने निर्णय गरियो।

वडा नं. १, वडाध्यक्ष श्री राजाधर खलिकडा, वडा नं. २, वडाध्यक्ष श्री ध्यान ब. भारती
वडा नं. ३, वडाध्यक्ष श्री रघुनाथ रुवनाल, वडा नं. ८, वडाध्यक्ष, श्री गोपीचन्द्र गौतम
वडा नं. ३, वडाध्यक्ष, श्री जीवकुमार भण्डारी, वडा नं. ११, वडाध्यक्ष, श्री भैरव ब. खड़का,
अर्जुनधारा नगरपालिका खरीदार, श्री रवेन्द्र त्रिपाठी

निर्णय नं ६.

चालु आ. व. ०६४/०६५ का लागि यस नगरपालिका अन्तर्गत नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रममा परेका धुमपाइप तथा विद्युत पोलतर्फ आवश्यकता अनुसार विभिन्न मितिमा खरिद गर्नुपर्ने भएकाले माग भए अनुसार जिल्ला दरेरमा नबढ्ने गरी खरिद गरी आपूर्ती गर्ने निर्णय गरियो।

निर्णय नं ७.

अर्जुनधारा-४ स्थित सूर्योदय तेक्वान्दो डोजाङ्गले जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता सञ्चालन गर्ने सहयोग माग गरेकोमा रु. २० हजार मात्र सहयोग उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ८:

कुनकाई नगरपालिकाको आयोजनामा सञ्चालन हुने अन्तरनगरस्तरीय कर्मचारी फुटबल प्रतियोगितामा सहभागि हुन एवं पूर्व तयारीका लागि अर्जुनधारा नगरपालिकाका कर्मचारीहरुलाई रु. ५५ हजार (पचपन्न हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ९:

यस नगरपालिकासँग लागत साझेदारीमा सञ्चालन गर्ने विभिन्न योजना एवं कार्यक्रमहरुको प्रस्तावहरु पर्न आएकामा यस नगरपालिकाको सम्पूरक कोषबाट लागत साझेदारीमा योजनाहरुको निरीक्षण, मूल्याङ्कन एवं हनौट नगरस्तरीय योजना अनुगमन समितिले गर्ने निर्णय गरियो।

निर्णय नं. १०.

जिल्ला प्राविधिक कार्यालय, झापाको च.नं. १३० मिति ०८४।०८।०५ को पत्राबाट हाल अनिनाधारा-२ ~~[illegible]~~ स्थित रातै गाजावारी सस्पेन्सन ब्रिज योजना सञ्चालनका लागि यस नगरपालिकाबाट ६% रकम (सांघिक जिविस बाट व्यहोर्नु पर्ने ३%, सांघिक जा वि स बाट व्यहोर्नु पर्ने ३%) रु. ४,४९,३१३.४० (चार लाख उन्चास हजार तिन सय तेह्र रुपैया चालिस पैसा) व्यवस्थाका लागि लेखि आएकाले यस नगरपालिकाको समपूरक कोषबाट सो रकम व्यवस्था गर्ने निर्णय गरियो।